**२०७६ साल भाद्र ११ गते बिहीवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश स्तरीय एकीकृत प्रशिक्षण प्रतिष्ठान स्थापना तथा कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मस्यौदा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग तथा प्रदेश पूर्वाधार विकास प्राधिकरणको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** कानून मस्यौदा तथा सुझाव कार्यदलको कार्यावधि थप गर्न स्वीकृति प्रदान गर्ने।

५. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७ स्वीकृत गर्ने।

६. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश मामिला सूचना केन्द्र तथा प्रदेश नं. ५ अन्तर्गत १२ वटै जिल्लाका सूचना केन्द्रमा आ.व. २०७७/७८ का लागि आवश्यक पर्ने कर्मचारीहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

७. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** आ.व. ०७७/७८ मा लघु, घरेलु तथा साना उद्योगहरुको दर्ता दस्तुर पूर्ण छुट गर्ने।